| श्रमबाट समृद्धि, समृद्धिबाट सुख | सुलभ कर्जा, युवालाई स्वरोजगार, उत्पादनशील लगानी विकासको आधार | विदेश होइन स्वदेश मै श्रम गरौं, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय अभियानमा सहभागी बनौं । |
|---|---|---|

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय, अनामगनर, काठमाडौं

# थोक कर्जा लिन चाहने सहकारी संस्थाहरुलाई जरुरी सूचना

गोरखापत्रमा प्रकाशित मिति :२०७७/११/११

कोषबाट थोककर्जा लिई कोषको उद्देश्य अनुसार कोषबाट छनोट गरिएका व्यक्तिहरुलाई कोषले तोकेको समयमा व्यक्तिगत वा सामूहिक कर्जा प्रवाह गरी स्वरोजगार बनाउन कोषले तय गरेको मापदण्डहरु पूरा गरेका इच्छुक सहकारी संस्थाहरुले आ.व.२०७७/०७८ सम्म तोकिएका कागजात संलग्न राखी कर्जा प्रस्ताव फारम पूर्ण रुपमा भरी कोष सचिवालय अनामनगरमा सोझै वा खामबन्दी गरी कर्जा माग प्रस्ताव पेश गर्न सूचित गरिएको छ । यस आर्थिक बर्षमा दर्ता भई छनौट हुन बाँकी रहेका संस्थाहरुलाई आगामी आर्थिक बर्षमा छनौट गर्न सकिने छ ।

## कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरुले पुरा गर्नुपर्ने मापदण्डहरुः

(१) संस्थाको कार्यक्षेत्र, शेयर पुंजी, सदस्य संख्या र सञ्चालन अवधि

| क.सं. | कार्यक्षेत्र | शेयर पुंजी (लाखमा) | शेयर सदस्य संख्या (जना) | सञ्चालन अवधी (वर्ष) |
|---|---|---|---|---|
| १ | महानगरपालिका | १० | ५०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले दुई वर्ष पूरा गरेका एवं आ.व. २०७५/७६ र २०७६/७७ मा बचत /नाफामा रहेको । |
| २ | उप–महानगरपालिका | ८ | ४०० | |
| ३ | नगरपालिका | ५ | ३०० | |
| ४ | गाउँपालिका | २ | १०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७६/७७ मा बचत /नाफामा रहेको |
| ५ | महा /उपमहा/नगरपालिका उत्पादनमूलक | २ | १०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७६/७७ मा बचत/ नाफामा रहेको |
| ६ | गाउँपालिका उत्पादनमूलक | १ | ५० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७६/७७ मा बचत/नाफामा रहेको । |
| ७ | दुर्गम (हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, बाजुरा र जाजरकोट)सहकारी संस्थाहरु | १ | ५० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा गरेको हुनु पर्नेछ । |

(२) २०७७ आषाढ मसान्तसम्मको लेखापरीक्षण सम्पन्न भई संस्था सञ्चित नोक्सानीमा नरहेको हुनु पर्नेछ ।

(३) आ. व. २०७६/७७ मा भाखा नाघेको ऋण कूल ऋण लगानीको ५ प्रतिशतभन्दा बढी नभएको हुनु पर्नेछ ।

(४) सञ्चालक समिति, लेखा समिति र ऋण उप-समितिका सदस्य तथा पदाधिकारीहरु सहकारी संस्थाको कार्यक्षेत्रभित्र स्थायी बसोवास गरेको प्रमाण (नागरिकता प्रमाणपत्र, मतदाता परिचयपत्र वा जग्गाधनी प्रमाणपूर्जा) हुनु पर्नेछ । बसाई सरी आएकाको हकमा स्थानीय पञ्जिकाधिकारीको सिफारिस पेश गर्नु पर्नेछ ।

(५) संस्थाले कार्यालय खोली नियमित रुपमा कार्यसञ्चालन गरेको हुनु पर्नेछ ।

२. <u>संस्थाले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरु :</u>

(१) आ. व.२०७५/०७६ र २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन (वासलात, नाफा नोक्सान हिसाब, नगदप्रवाह विवरण, लेखानीति तथा टिप्पणी र सोको अनुसूचीहरु), लेखापरीक्षकको संस्था दर्ता नवीकरण प्रमाणपत्र र भ्याट/प्यान दर्ताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(२) कोषको कर्जा प्रस्ताव फारम पूर्णरुपमा भरी प्रत्येक पानामा हस्ताक्षर गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ ।

(३) सहकारी संस्थाहरुले लेखापरीक्षकबाट कर्जा वर्गीकरण र भाखा नाघेको/ननाघेको प्रमाणित पत्र पेश गर्नु पर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो कार्यक्षेत्रभित्र लगानी गर्ने स्थानीय तहको सिफारिस पेश गर्नु पर्नेछ ।

(५) सहकारी संस्थाको सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, संस्थाको आफ्नै घरजग्गा भए सोको प्रमाण र सञ्चालक, लेखा, कर्जा उप-समिति र व्यवस्थापकको नाममा रहेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि एवम् उक्त जग्गाको चालु आ. व. को तिरो तिरेको रसिदको प्रतिलिपि, सञ्चालक, लेखा, कर्जा उप-समिति र व्यवस्थापक तथा सदस्यहरुको आफ्नो नाममा घरजग्गा नभएमा एकाघरपरिवारको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, आफ्नो वा एकाघरपरिवारका सदस्यको नाममा कुनै घरजग्गा नभएकाको हकमा गाउँपालिका/नगरपालिकाबाट स्वीकृत लिई बसोवास गरेको घरजग्गाको निस्सा र सोबारे गा.पा./न.पा.ले गरेको सिफारिस, महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित सहकारी तथा गरिब घर पहिचान भएका सहकारीको हकमा सञ्चालक समिति, लेखा समिति तथा कर्जा उप समितिका पदाधिकारी तथा सदस्यहरु मध्ये कम्तीमा ५० प्रतिशत व्यक्तिहरुको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(६) संस्थाको आफ्नो कार्यालय भवन नभएमा कार्यालय सञ्चालन भएको घर वहाल सम्झौता पत्र पेश गर्नु पर्नेछ ।

(७) संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नं., आ.ब. ०७५/७६ र आ.ब.०७६/७७ को कर चुक्ता प्रमाणपत्र र विनियमको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. <u>सहकारीका सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिले निर्णय गरी पेश गर्नुपर्ने कागजातहरु :</u>

(१) समितिका सदस्यहरुले स्वरोजगार कर्जा माग गर्ने निर्णय र आफ्नो कार्यक्षेत्रभित्र बसोवास गर्ने बेरोजगार तथा साना व्यवसायीहरुलाई स्वरोजगार बनाउने प्रतिबद्धता ।

(२) "कोषको रकम पूर्ण रुपमा सदुपयोग गरी साँवा ब्याज फिर्ता गर्न मञ्जुर गरी सो अनुसार कोषमा रकम दाखिला नगरेमा आफ्नो र एकाघरपरिवारका सदस्यको नाममा भएको चलअचल सम्पत्ति जायजेथाबाट असूल-उपर गरेमा मञ्जुर छ । कर्जा दुरुपयोग गरेमा वा समयमा कोषमा साँवा ब्याज फिर्ता नगरेमा सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरुलाई नेपाल सरकारबाट दिने सुविधाबाट बञ्चित गर्ने, कालोसूचीमा राख्ने, सरकारीधन मासेसरह कारवाही गर्ने लगायतका प्रचलित कानून वमोजिम कारवाही गरी नेपाल सरकारको रकम असूल गरेमा मञ्जुर छ" भन्ने व्यहोराको व्यक्तिगत/सामूहिक मञ्जुरीनामाको निर्णय ।

नेपाल सरकार
उद्योग तथा सेलकुद मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार
कोष सचिवालय

(३) सहकारी संस्था एवम् सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरु कालोसूचीमा परे/नपरेको व्यहोराको स्व-घोषणा ।

(४) सहकारी संस्थाले बैंक/वित्तीय संस्था वा अन्य कुनै संस्थाबाट कर्जा लिएको भएमा सोको सम्बन्धित संस्थाबाट लिएको साख सूचना । नलिएको भएमा कर्जा नलिएको स्व-घोषणा ।

४. **कोषसँग पुनः कर्जा कारोवार गर्न इच्छुक संस्थाहरुले पूरा गर्नुपर्ने मापदण्डहरु :**

यसअघि कर्जा लिई समयमै चुक्ता गरेका र लगानीमा रहिरहेका सहकारी संस्थाको हकमा दोस्रो किस्तासम्मको लगानी पूर्ण सदुपयोग भएका, कोषसँग कर्जा सम्झौता भएको मितिले सूचना प्रकाशित भएको मिति सम्म २ वर्षको अवधि नाघेको सहकारी संस्थाहरुले पनि कर्जा माग प्रस्ताव पेश गर्न सक्नेछन् । पुनः कर्जा माग गर्न चाहेमा कोषलाई बुझाउनुपर्ने रकम नियमित रुपमा बुझाएको हुनु पर्नेछ र १ वर्षभन्दा बढी अवधि भाखा नाघेको हुनु हुँदैन । साथै कर्जा प्रस्ताव फारम र सूचनाको बुँदा नं. “१, २ र ३” मा उल्लेखित विवरणहरु अनिवार्य पेश गर्नु पर्नेछ ।

५. **प्रस्ताव मूल्याङ्कन, छनौट र कर्जाको सीमाः**

पेश भएका प्रस्तावहरु कोषको नियमानुसार स्थलगत निरीक्षण गरी सिफारिस भएपछि कोषबाट आवश्यक मूल्याङ्कन गरी बढीमा रु. १ करोडसम्म कर्जा स्वीकृत गर्न सकिनेछ ।

६. उपर्युक्त अनुसार कर्जा प्रस्ताव फारम पूर्ण नभरिएका, मापदण्ड पूरा नगरेका, कागजात नपुगेका संस्थाहरुको कर्जा प्रस्ताव स्वतः रद्द भएको मानिनेछ ।

७. कर्जा स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार कोषमा निहित रहनेछ ।

८. कर्जा प्रस्ताव फारम कोष सचिवालयको वेभसाईट www.ysef.gov.np बाट प्राप्त गर्न सकिनेछ ॥

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार
कोष सचिवालय